DOI: https://doi.org/10.3126/shantij.v3i1-2.60989

SHANTI JOURNAL: A Multidisciplinary Peer Reviewed Journal
**Print ISSN:** 2961 * 1601 E-ISSN: 2961-161x
**ejournal Site:** www.nepjol.info/index.php/shantij
• Peer-Reviewed, Open access Journal
• Indexed in Nepjol

**BISHWA SHANTI**
CHIRAN-MILAN CAMPUS
URL:
www.bishwashanticampus.edu.np

# ‘एकतर्फी यात्राको यात्री म’ निबन्धमा ईश्वरचिन्तन

टीकाराम नेपाल
उप-प्रध्यापक
विश्वशान्ति चिरन-मिलन क्याम्पस

**Artical History:** Submitted 25 August **Reviewed** 25 Sepember **Revised** 4 October
**Corresponding Author:** Tikaram Nepal **E-mail:** parnisnepal@gmail.com

Copyright ©2023 Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.

## लेखसार

‘एकतर्फी यात्राको यात्री म’ निबन्धमा ईश्वरचिन्तन शीर्षकको प्रस्तुत लेख दार्शनिक विषय क्षेत्रअन्तर्गत ईश्वरचिन्तनप्रति केन्द्रित रहेको छ । पूर्वीय वैदिक षड्दर्शनका आधारमा ‘एकतर्फी यात्राको यात्री म’ शीर्षक निबन्धमा ईश्वरचिन्तन पहिल्याउनु यस लेखको प्रमुख उद्देश्य रहेको छ । यहाँ राजेन्द्र सुवेदीको जीवन-गोप्य लिसबन्दी खाम निबन्ध सङ्ग्रहभित्र रहेको ‘एकतर्फी यात्राको यात्री म’ शीर्षक निबन्धलाई प्राथमिक स्रोतका रूपमा लिई साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त जस्ता पूर्वीय वैदिक षड्दर्शनको ईश्वरसम्बन्धी अन्य कृतिलाई द्वितीयक सामग्रीको रूपमा लिइएको छ । पूर्वीय वैदिक षड्दर्शनको ईश्वरसम्बन्धी मान्यताका आधारमा विभिन्न साक्ष्यहरूको व्याख्या, विवेचना गरी प्रस्तुत निबन्धमा वैदिक षड्दर्शनको गहिरो प्रभाव रहेको देखाइएको छ । सिद्धान्तका आधारमा पाठको विश्लेषण गरिएकाले यस लेखमा मूलतः निगमनात्मक र आवश्यकताअनुसार आगमनात्मक विधिको पनि प्रयोग गरिएको छ । पूर्वीय षड्दर्शनले ईश्वरलाई सृष्टि, स्थिति र प्रलयको कारण, प्रकृति र पुरुषका बिचको सम्बन्धकारक तत्व, चराचर जगत्को नियामक, परमाणुलाई संयोजन गराउने निमित्त कारण, पदार्थको ज्ञान, पदार्थको चालयमान शक्ति, आत्मा तत्व, ब्रह्म तत्व आदिका रूपमा लिइएको कुरा यी दर्शनहरूको सारका रूपमा उल्लेख गरिएको छ । प्रस्तुत निबन्धमा ईश्वरीय चिन्तनका सन्दर्भमा निबन्धकारले आफूलाई कुनै एक दार्शनिक मान्यतामा मात्र अडिक नराखी षड्दर्शनका विभिन्न मान्यतालाई यथास्थानमा प्रयोग गरेको देखाइएको छ, साथै साङ्ख्य, वैशेषिक र न्यायदर्शनको प्रयोग तुलनात्मक रूपमा बढी भएको निष्कर्ष निकालिएको छ ।
***शब्दकुञ्जी :*** नियामक, निर्गुण, परब्रह्म, प्रत्यावर्तन, षड्दर्शन

## विषय प्रवेश

राजेन्द्र सुवेदी नेपाली निबन्धकाक्षेमाअब्बल् । बनारसबाट निस्कने मञ्जरी साहित्यक पत्रिकामा 'जीवन के हो' (२०२५) शीर्षकको पद्य कविता प्रकाशित गरी औपचारिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका यिनका दर्जनौँ कृति प्रकाशित छन् । खाली सिसी पुराना कागत (२०५९), अब मेरो क्यासेट बन्द हुन्छ (२०५६), म हुँ औँला नकाटिएको एकलव्य (२०६५), जीवन : गोप्य सिलबन्दी खाम (२०७१) यिनका सिर्जनात्मक निबन्ध कृतिहरू हुन् । 'मेरो यात्रा : मेरै परिवेशभित्र' (२०५४), 'तीर्थ पर्यटन' (२०७१), 'सम्राट्का सीमाभित्र र बाहिरका भानुभक्त' (२०७१) यिनका नियात्रात्मक निबन्ध कृति हुन् । सुवेदीका जीवनीमूलक निबन्ध कृतिअन्तर्गत 'गुड वाई छोडिजानेहरूलाई' (२०६५) र 'अनन्त यात्रा' (२०७१) रहेका छन् । 'जीवन-गोप्य सिलबन्दी खाम' सुवेदीको दार्शनिक धरातलमा उभिएको सशक्त निबन्ध सङ्ग्रह हो । यसमा रहेका बाह्र ओटा निबन्धमध्ये 'एकतर्फी यात्राको यात्री म' शीर्षकको निबन्ध ईश्वरचिन्तनका दृष्टिले ज्यादै महत्त्वपूर्ण देखिन्छ । यस निबन्धमा पूर्वीय दर्शनको प्रभाव र ईश्वरचिन्तन रहेको छ । ईश्वर शब्दले सम्पूर्ण विश्व, ब्रह्माण्ड वा सृष्टिलाई बनाउने, बिगार्ने र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएका परमपुरुष वा परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्तालाई बुझाउँछ । यस निबन्धमा पौरस्त्य दर्शनअन्तर्गत मूलतः वेदान्त, साङ्ख्य, योग जस्ता दर्शनको प्रयोग घनीभूत पाइन्छ । प्रस्तुत लेखको प्रमुख समस्या यसै निबन्धमा प्रयुक्त ईश्वरचिन्तनलाई पहिल्याउनु रहेको छ । साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा, वेदान्त जस्ता वैदिक षड्दर्शनका ईश्वरचिन्तनसम्बन्धी सैद्धान्तिक पर्याधारका मान्यतामा रही 'एकतर्फी यात्राको यात्री म' निबन्धको अध्ययन, विश्लेषण गर्ने यस लेखको उद्देश्य रहेको छ । राजेन्द्र सुवदीको स्रष्टा-सृष्टि : द्रष्टा-दृष्टिनामक पुस्तकमा राजेन्द्र सुवेदीका निबन्धमा जीवनको वास्तविकता र वर्तमानको यथार्थ हुने उल्लेख छ । वासुदेव त्रिपाठीले सुवेदीका निबन्ध प्राञ्जल गद्यशैली, आत्मपरक र आत्मव्यङ्ग्यकारिता जस्ता विशेषताबाट परिचालित हुने उल्लेख गरेका छन् यद्यपि यिनको 'एकतर्फी यात्राको यात्री म' शीर्षक निबन्धको पूर्वीय वैदिक षड्दर्शनका मान्यताका आधारमा अध्ययन भएको पाइँदैन । अतः पूर्वीय वैदिक षड्दर्शनका ईश्वरचिन्तनसम्बन्धी मान्यताका आधारमा गरिएको प्रस्तुत अध्ययन उपयोगी र औचित्यपूर्ण रहेको छ । पौरस्त्य षड्दर्शनको जीवन, जगत् आदि विषयलाई छोडेर ईश्वरचिन्तनसम्बन्धी मान्यतालाई मात्र आधार मानी 'एकतर्फी यात्राको यात्री म' अध्ययन विश्लेषण गर्नु यस लेखको सीमा रहेको छ । पौरस्त्य वैदिक षड्दर्शनको सापेक्षतामा 'एकतर्फी यात्राको यात्री म' निबन्धमा ईश्वर सम्बन्धी चिन्तनको विश्लेषण गर्नु प्रस्तुत लेखको विषय क्षेत्र रहेको छ ।

## अध्ययन विधि

अध्ययन विधिअन्तर्गत सामग्री सङ्कलन विधि, सामग्री विश्लेषण विधि र सैद्धान्तिक पर्याधारलाई निम्नानुसार चिनाइएको छ :

## सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययन पत्रमा सामग्री सङ्कलनको पुस्तकालयीय कार्यलाई अङ्गीकार गरिएको छ। यस सन्दर्भमा राजेन्द्र सुवेदीको जीवन-गोप्य लिसबन्दी खाम निबन्ध सङ्ग्रहभित्र रहेको 'एकतर्फी यात्राको यात्री म' निबन्धलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ भने द्वितीयक स्रोतका रूपमा वैदिक षड्दर्शनका ईश्वरचिन्तनसम्बन्धी अन्य कृतिहरूलाई लिइएको छ। ईश्वर चिन्तन भनेको के हो ? भन्ने कुरा यसको सैद्धान्तिक जानकारी दिने कृतिबाट लिइएको छ भने त्यसको पुष्टि राजेन्द्र सुवेदीकै एकतर्फी यात्राको यात्री म शीर्षकको निबन्धबाट गरिएको छ ।

## सामग्री विश्लेषण विधि

प्रस्तुत लेखमा वर्णनात्मक एवम् विवरणात्मक पद्धति अपनाइएको छ। त्यस क्रममा विश्लेषणात्मक विधि प्रयोग गरिएको छ। कृति वा रचनाको विश्लेषणका सन्दर्भमा ईश्वर चिन्तनसम्बन्धी पूर्वीय दार्शनिक मान्यतालाई आधार बनाई कृतिविश्लेषण गरिएकाले यहाँ मूलत : निगमनात्मक विधिको र आवश्यकताअनुसार आगमनात्मक विधिको पनि उपयोग गरिएको छ।

## सैद्धान्तिक पर्याधार

ईश्वरचिन्तन दार्शनिक विषयक्षेत्रसँग सम्बन्धित रहेको छ। नेपाली भाषामा प्रचलित तत्सम् स्रोतको दर्शन शब्द दृशिर् धातुमा भावमा ल्युट् प्रत्यय लागेर बन्दछ; जसको अर्थ तत्त्व ज्ञानको साधन भन्ने हुन्छ (गिरी, ०५५, पृ.१)। दर्शन शब्दले मूलतः प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेनताबारेको विवेचना र विश्लेषण गरिने विद्यालाई बुझाउँछ। दर्शनमा ईश्वरसम्बन्धी विशद् व्याख्या भएको पाइन्छ। ईश्वर छैन भन्ने नास्तिकवाद, ईश्वर छ भन्ने आस्तिकतावाद, एकभन्दा बढी ईश्वर छ भन्ने बहुईश्वरवाद तथा जतातत्तै ईश्वर छ भन्ने सर्वेश्वरवाद जस्ता मान्यताहरू दर्शनमा पाइन्छन्। ईश्वरीय सत्तालाई स्विकार गर्नु पूर्वीय आस्तिक दर्शनको विशेषता हो भने यसलाई अस्विकार गर्नं नास्तिकतासँग गाँसिएको कुरा हो। दुःखसुखको अनुभव गर्ने मनलाई आफ्नो अधीन गराउनु नै वास्तवमा ईश्वर प्राप्तिको बाटो हो। विश्वब्रह्माण्डको सृष्टिकर्ता, संहारकर्ता र तिनको नियन्त्रण तथा शासन गर्ने मानिएका परम पुरुष वा परमात्माका रूपमा पुजिने सर्वप्रधान सत्तालाई ईश्वरका रूपमा बुझ्नुपर्छ। वास्तवमा ईश्वर व्यक्तित्वपूर्ण छ, जसमा ज्ञान, सत्ता र आनन्द सन्निहित छन् (गिरी, ०५५, पृ.५०)। ईश्वरलाई सगुण र निर्गुणका रूपमा चिनाइएको पाइन्छ। कतिपयले ईश्वरलाई सत्यका रूपमा समेत चिनाएको पाइन्छ (उपाध्याय, ०६६, पृ.१८९)। ईश्वरसम्बन्धी चिन्तन दार्शनिक सन्दर्भमा सुदीर्घ परम्परा स्थापित भएको देखिन्छ।

साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्तदर्शनलाई पूर्वीय वैदिक षड्दर्शनका रूपमा चिनिन्छ। आस्तिक दर्शन मानिने यी दर्शनले ईश्वरीय सत्तालाई प्रत्यक्ष वा परोक्ष रूपमा

स्विकारेको देखिन्छ । वेदान्तदर्शनमा ईश्वरलाई सृष्टि, स्थिति र प्रलयको कारण मानिन्छ । सगुण, सर्वज्ञ, व्यापक, स्वतन्त्र र व्यक्तित्वपूर्ण भएकाले मान्छेले ईश्वरको पूजा गर्ने मान्यता यस दर्शनको छ (गौतम, २०७८, पृ.१०१) । योगदर्शनमा जड र सक्रिय प्रकृति अनि चेतन र निष्क्रिय पुरुषका बिच सम्बन्ध ईश्वर तत्त्वले ल्याइदिने बताइएको पाइन्छ (गिरी, २०५५, पृ.४८) । यस चराचर जगत्को सृष्टिकर्ता, पालनकर्ता, संहारकर्ता र नियामक ईश्वर मात्र हो भन्ने मान्यता न्यायदर्शनमा पाइन्छ (गौतम, २०७८, पृ.९१)। यस दर्शनमा परमाणुद्वयबिना सृष्टि सम्भव छैन र जड परमाणुमा स्वतः क्रिया उत्पन्न हुन पनि सम्भव छैन, त्यसैले दुई परमाणुलाई संयोजित गराउन निमित्त कारण रूप ईश्वरको आवश्यकता पर्ने बताइएको छ (गिरी, २०५५, पृ.५०) । आत्मा एक शरीरबाट अर्को शरीरमा जाने हुनाले पुनर्जन्म अवश्यम्भावी रहेको मान्यता न्यायदर्शनको छ । साङ्ख्यदर्शनले सोझै ईश्वरको अस्तित्व स्विकार्दैन तर वेदलाई प्रमाण मान्ने हुनाले यसलाई आस्तिक दर्शन नै मानिन्छ (गौतम, २०७८, पृ.८४) । यस दर्शनमा चैतन्य, निष्क्रिय र भोक्ताका रूपमा अथवा पुरुषका रूपमा वर्णित तत्त्वलाई नै कतिपयले ईश्वरलाई चिनाइएको पाइन्छ (उपाध्याय, २०६६, पृ.२१) । वैशेषिक दर्शनले ईश्वरसँगको साक्षात्कारका लागि पदार्थको ज्ञान आवश्यक ठान्दै पदार्थहरूकै संयोजनबाट संसारको रचना भएको बताएको छ (गौतम, २०७८, पृ.८४) । जगत्को मूलकारण परमाणु हो र पदार्थमा रहने चालयमान परमाणु शक्तिले सृष्टि गराउँछ भन्ने मान्यता मीमांसादर्शनको पाइन्छ । कर्म, उपासना र ज्ञानबाट परमार्थमा पुगिन्छ भन्ने यस दर्शनले परमार्थको प्राप्तिलाई ईश्वरको सन्निकट मान्छ (गौतम, २०७८, पृ.९८) । ईश्वरलाई नै वेदान्तदर्शनले ब्रह्म, साङ्ख्यदर्शनले पुरुष, योगदर्शनले ईश्वर, पुराणहरूले भगवान् भनेको पाइन्छ (गड्तौला, २०७६, पृ.१७४) । यसरी वेदान्त, योग, न्याय, साङ्ख्य, वैशेषिक, मीमांसा जस्ता दर्शनले ईश्वरचिन्तनसम्बन्धी विशद् व्याख्या प्रस्तुत गरेको पाइन्छ । ईश्वरका स्वरूपमा भने दार्शनिक मतहरूको ऐक्यता देखिँदैन । यद्यपि यस सत्तालाई फरक फरक दृष्टिबाट स्विकार्नु पूर्वीय वैदिक षड्दर्शनको महत्त्वपूर्ण विशेषता रहेको बुझिन्छ ।

पूर्वीय षड्दर्शनका मूलभूत मान्यताअन्तर्गत सृष्टि, स्थिति र प्रलयको कारण, प्रकृति र पुरुषका बिचको सम्बन्धकारक तत्व, चराचर जगत्को नियामक, परमाणुलाई संयोजन गराउने निमित्त कारण, पदार्थको ज्ञान, पदार्थको चालयमान शक्ति, आत्मा तत्व, ब्रह्म तत्व आदिलाई ईश्वरका रूपमा लिइएको देखिन्छ । प्रस्तुत लेखमा पूर्वीय षड्दर्शनका ईश्वरचिन्तनसम्बद्ध उपर्युक्त मान्यता र प्रतिमानहरूलाई आधार मानी राजेन्द्र सुवेदीको 'एकतर्फी यात्राको यात्री म' शीर्षक निबन्धलाई अध्ययन विश्लेषण गरिएको छ ।

## 'एकतर्फी यात्राको यात्री म' निबन्धमा ईश्वरप्रतिको चिन्तन

'एकतर्फी यात्राको यात्री म' निबन्ध राजेन्द्र सुवेदीको जीवन-गोप्य सिलबन्धी खाम निबन्ध सङ्ग्रहमा सङ्गृहीत छ । डिमाइ आकारको पुस्तकमा छ पृष्ठ फैलिएको यो निबन्ध दार्शनिक दृष्टिकोणबाट शक्तिशाली रहेको पाइन्छ । जीवनलाई अनन्त यात्रासँग तुलना गर्दै त्यो यात्रा

एकतर्फी रहने कुरा यहाँ अभिव्यक्त भएको छ । क्षणिकता, अणु-परमाणु, जन्म पुनर्जन्म आदिका माध्यमबाट यहाँ निबन्धकारको साङ्केतिक रूपमा आस्तिकता अर्थात् ईश्वरीय सत्ताप्रति लगाव देखिन्छ भने अभिव्यक्तिगत रूपमा ईश्वरीय सत्ताप्रति तटस्थता देखिन्छ ।

पूर्वीय दर्शनमा ईश्वरलाई देवता, परमेश्वर, ब्रह्म, परब्रह्म, आत्मा, परमात्मा, परमपिता आदिका रूपमा समेत चिनाइएको पाइन्छ (चालिसे, २०७९, पृ.५९) । सृष्टि, स्थिति र प्रलयको कारण, प्रकृति र पुरुषका बिचको सम्बन्धकारक तत्त्व, चराचर जगत्को नियामक, परमाणुलाई संयोजन गराउने निमित्त कारण, पदार्थको ज्ञान, पदार्थको चालयमान शक्ति आदि ईश्वरचिन्तनसम्बद्ध विषयहरूका आधारमा यहाँ प्रस्तुत निबन्धमा ईश्वरचिन्तनलाई पहिल्याउने प्रयास गरिएको छ । जसको साक्ष्यका रूपमा निबन्धको निम्नानुसारका अंशलाई लिइएको छ :

> (क) पुनर्जन्म पनि हुन सक्छ भन्ने चिन्तनका शास्त्रीहरू कायम गरेका थिए । त्यहाँ पनि समस्या चाहिँ के थियो भने यही भौतिक जीवनका यात्रीले भने प्रत्यावर्तनको यात्रा गर्न पाउने सम्भावना पनि थिएन र यात्रीले चाहेसम्मको मात्र यात्राको प्रत्यावर्तन र पुनर्यात्राको व्यवस्था गर्न सक्ने हैसियत भने त्यहाँ पनि कसैको थिएन । (पृ.४३)

प्रस्तुत निबन्धांशमा ईश्वरसम्बन्धी संयक व्याख्या पाइन्छ । संसारमा आस्तिकतावादी विचार व्यापक रूपमा रहेको छ । यहाँ पुनर्जन्मप्रति विश्वास गर्ने गरिएको पाइन्छ । भौतिकतावादले चाहिँ यस्ता कुरामा विश्वास राख्दैन । यहाँ यात्राको रूपमा जीवन भोगाइलाई चिनाइएको छ भने प्रत्यावर्तनको यात्रा भनेर ईश्वर प्राप्ति र जीवनको पुनर्यात्रालाई समेत सङ्केत गरिएको छ । पुनर्जन्ममा विश्वास राख्ने र नराख्ने दुबैखाले मानिस यस धर्तीमा रहेका छन् । पुनर्जन्मप्रति विश्वास गर्नेले पनि त्यस कार्यलाई ईश्वरीय खेलका रूपमा लिएको देखिन्छ । पुनर्जन्ममा विश्वास गर्नेहरूले पनि आफूलाई पुनर्जन्म गराउन सक्ने क्षमता नराख्ने बरू ईश्वरकै भर पर्ने गरेको तथ्य निबन्धकारको रहेको छ । आस्तिक विचारधारा राख्ने मानिस सृष्टिको कारक ईश्वर भएका मान्यता राख्छन् । सृष्टिमा जीवले मात्र चाहेर पुनर्जन्मको अवसर पाउन नसक्ने विचार निबन्धकारले यहाँ अभिव्यक्त गरेका छन् ।

नास्तिक सन्दर्भबाट समेत प्रत्यावर्तनको यात्रा हुन नसक्ने हुँदा एकतर्फी यात्रालाई नै स्विकार्नुको विकल्प नरहेको सन्दर्भबाट यहाँ देखिएको छ । पुनर्जन्मप्रति विश्वास र सृष्टिको कारकका रूपमा यहाँ ईश्वरचिन्तन अभिव्यक्त भएको देखिन्छ ।

> (ख) म चाहिँ हिजो आज भने पनि र आज भोलि भने पनि जीवनयात्राको अनिश्चितताको एकतर्फी यात्रामा दौडिरहे छु भन्नुपर्दा अर्को उपयुक्त उपाय हुँदै नभएको बोध गर्न विवश बनेको छु । अतः यसैबाट जीवन एउटा अप्रत्यावर्तित यात्रा हो भन्ने कुरा सिद्ध हुन्छ । (पृ.४३)

प्रस्तुत निबन्धांशबाट निबन्धकारले भोलिको अनिश्चिततालाई सङ्केत गरेका छन् । अनन्त शून्यताबिच क्षणिक जीवन यात्रा रहन्छ । त्यो यात्रा अनिश्चितताको गर्भमा रहेको हुन्छ । प्रत्यावर्तन हुन नसक्ने भएकाले जीवनलाई एकतर्फी यात्राका रूपमा बुझ्नु उपयुक्त हुन्छ । जीवनको क्षणिकता बोध भए पनि त्यसलाई अस्वीकार गर्न हैसियत कसैको छैन । जीवनको एकतर्फीपनलाई स्विकार्नुको विकल्प कसैमा छैन । जन्म र मरणको कारक तत्व मान्छे स्वयम् नभएकाले त्यसको प्राप्ति र उपेक्षामा मान्छेको कुनै हात हुँदैन भन्ने निबन्धकारको बुझाइ रहेको पाइन्छ । जे कारण हो वा जो कारण हो त्यसैले जे गर्छ गर्छ तर मानिसले जीवनलाई स्विकार्नुको विकल्प नपाउने तर्क यहाँ देखिन्छ । यसले साङ्केतिक रूपमा चराचर जगत्को नियामकसत्ताको खोजी गरेको देखिन्छ, जसलाई ईश्वरीय सत्ताका रूपमा समेत बुझ्न सकिन्छ ।

अतः अप्रत्यावर्तित यात्राका सन्दर्भबाट ईश्वरीय सत्ताको खोजी निबन्धांशले साङ्केतिक रूपले गरेको देखिन्छ । उक्त सत्ताप्रतिको निरपेक्षता नै देखाइए तापनि यहाँ अनिश्चितताको अभिव्यक्तिले ईश्वरचिन्तनको सन्दर्भलाई सूचित गरेको पाइन्छ ।

> (ग) तपाइँको वान वे यात्राबाट प्रत्यावर्तन हुँदैन लौ मानौ - भए पनि हाल्यो । अब विचार गर्नुहोस् त ! ...तिनै बाबाआमालाई दुःख दिने योजनामा हुनुहुन्छ ... तिनै धावा धपेडीको किन रहर ? (पृ. ४३)

जीवनयात्रा एकतर्फी हुन्छ । यो यात्रा प्रत्यावर्तनरहित हुन्छ । प्रत्यावर्तन भैहाल्यो भने पनि त्यो जीवको चाहनाको विषय होइन । प्रत्यावर्तन चाहनेले सम्झनुपर्छ, के तपाइँ प्रत्यावर्तित भएर पुनः अरूलाई सताउन र दुःखित पीडित भएरै बाँच्न चाहनुहुन्छ ? चाहनुहुन्न । त्यसैले देहबाट मुक्ति र मोक्षको मार्गमा लाग्नु नै जीवको लक्ष्य हो । यहाँ निबन्धकारले पुनर्जन्मप्रति उत्साहित हुन आवश्यक नरहेको जानकारी दिएका छन् । सांसारिक जीवन दुःख, कष्टले भरिएकाले भौतिक जीवनप्रति आफू आकर्षित हुन नसकेको भाव यहाँ व्यक्त गरेका छन् । निबन्धमा सांसारिक जीवनलाई धावा धपेडीको संज्ञा दिइएको छ ।

अतः प्रत्यावर्तन वा पुनर्जन्म दुबै अपेक्षाकृत नहुन सक्छ । मानिस सांसारिक रापतापबाट मोक्षको खोजीमा नै रुमल्लिइरहेको हुन्छ । पदार्थको ज्ञानमार्फत ब्रह्मत्व प्राप्ति नै जीवको अन्तिम उद्देश्य हुने सूचना सङ्केत गरी यहाँ निबन्धकारले ईश्वरचिन्तनलाई अमूर्त ढङ्गले प्रस्तुत गरेका छन् ।

> (घ) एकतर्फी यात्राको यो रफ्तार मेरो मात्र होइन, तपाइँको पनि हो र तमाम प्राणी जगत्को हो र समग्र विश्वप्रकृतिको समेत हो । (पृ. ४४)

चराचर जगत् गतिमान् छ । गतिमान् हुनु यावत् पदार्थको विशेषता हो । सबैको गति एकतर्फी हुन्छ । प्रत्यावर्तन नहुनु विश्वब्रह्माण्डको नियम हो । यो गतिको सुरुआत पूर्व र अन्त्य पछिको अवस्थालाई कुनै सांसारिक प्राणीले बुझ्न सक्दैन । सबै प्राणी यही गतिमा

रुमल्लिएका छन् र तल्लीन भएका छन् । विश्वप्रकृतिको नियम कसले बनायो ? कसले परिवर्तन गर्छ ? त्यो बुझ्न सांसारिक बन्धनहरूले दिँदैनन् । यति चाहिँ बुझ्न सकिन्छ; समग्र विश्वप्रकृति नै गतिमान् छ । प्रत्यावर्तन असम्भव छ । जसरी चौरासी लाख योनीमा प्राणीको चक्र घुमेको भनिन्छ त्यसरी नै विश्वब्रह्माण्डको चक्र पनि वेगले परिभ्रमित रहेको हुन्छ । यो वेगको सृष्टि, स्थिति र संहारका खण्डहरू छन् तर ती कार्य कुनै भौतिक वस्तुबाट हुँदैन भन्ने भाव बताएर यहाँ ईश्वरीय तत्वको अपेक्षा गरेको बुझ्न सकिन्छ ।

उक्त निबन्धांशमार्फत निबन्धकार सृष्टि, स्थिति र प्रलयको चक्रसमेतलाई जोड्न पुग्छन् । गतिमान् संसार र त्यसका हरेक तत्वको अनिश्चित भविष्यको परिकल्पना भने भौतिक र ईश्वरीय दुबै सन्दर्भबाट व्याख्येय देखिन्छ । पदार्थको चालयमान शक्ति पहिल्याउने सन्दर्भमा यहाँका घटना शृङ्खला उनिएकाले यसलाई ईश्वरचिन्तनका रूपमा लिन सकिन्छ ।

> (ङ) यात्रीका निम्ति बाटो लामो भए पनि र छोटो भए पनि, मार्गका अवरोधक उपायको व्यवस्था गरिएको भए पनि र नभएको भए पनि यात्री यो मार्गमा बेरोकटोक हिँडिरहेको हुन्छ । (पृ. ४४)

यावत् प्राणी सांसारिक मोह जालमा बाँधिएका हुन्छन् । आफ्नो यात्रालाई निरन्तरता दिनु नै यावत् पदार्थको निविकल्प कार्य हो । भोलि कस्तो समस्या आउँछ कुनै प्राणीलाई थाहा हुँदैन तर ऊ ढुक्कसाथ आफ्नो यात्रालाई गति दिन्छ । सांसारिक प्राणीलाई आफ्नो यात्रा कति लामो छ ? यात्रामा के कस्ता अवरोध छन् ? भन्ने जस्ता कुनै कुराको जानकारी हुँदैन । निरन्तर आफ्नो यात्रालाई गति दिनु यावत् पदार्थको पहिलो सर्त हो । अझ त्यो यात्राको दुरी कुनै भौतिक वस्तुलाई थाहा हुन्न । त्यो दुरी निर्धारण गर्ने को हो ? ती बाधा अवरोध कसलाई थाहा हुन्छ ? यी प्रश्नको उत्तर खोज्न ईश्वरीय तत्त्वसम्म पुग्नुपर्ने अवधारणा साङ्केतिक रूपले यहाँ व्यक्त भएको देखिन्छ ।

अतः भविष्यको गर्भमा लुकेका कुरा यात्रासँगै एक एक पत्र खोलिँदै जान्छन् । ती पत्रहरू पहिला नै प्राप्त हुन सक्दैनन् । त्यही रहस्यले प्राणीलाई अगाडि धकेलिरहेको हुन्छ । यहाँ रहस्यको पर्दाभित्र ईश्वरीय शक्ति अभिव्यञ्जित भएको बुझ्न सकिन्छ । चराचर जगत्को नियामक तत्त्वको खोजीबाट ईश्वरचिन्तनको अवधारणा प्रस्तुत भएको पाइन्छ ।

> (च) यस यात्राको गन्तव्य अविनाशी छ र अक्षरातीत छ । ....यात्राको भोक्ता जीवन मान्ने हो भने यो आफैँमा अनियोजित योजनामा मापन गरिने एक समयखण्ड हो । निरन्तर गतिशील समय शृङ्खलाको त्रसरेणुवत् समय कण हो । (पृ. ४५)

जीवनयात्रा पदार्थको बाध्यकारी नियम हो । गन्तव्य अवर्णित वा अनिर्वचनीय छ । गन्तव्य कसैले विनाश गर्न पनि नसक्ने छ । निबन्धकारले यहाँ ईश्वरीय सत्तालाई अविनाशी

र अक्षरातीत मानेको देखिन्छ । परमात्मा विलय नै प्राणीको अन्तिम बिन्दु भएको सङ्केत यहाँ मिल्दछ । जीवन अनन्त गतिमान् ब्रह्माण्डको त्र्यसरेणु मात्र पनि नहुने कथन निबन्धमा रहे को छ । सर्व व्यापक ईश्वरको परिकल्पना यहाँ देखिन्छ । हरेक कणमा ईश्वरीय तत्त्व हुने र ती कण सूक्ष्मातिसूक्ष्म हुने धारणा निबन्धकारको छ । शून्यताबिचमा पनि अस्तित्वको खोजी र रक्षा गर्नुपर्ने धारणा यहाँ देखिन्छ । शून्यता शून्यताको अनन्त शृङ्खलाले विश्वब्रह्माण्ड जेलिएको छ । यही जालोमा जेलिनु विश्वब्रह्माण्डको आधारभूत सर्त हो । यसको नियमक तत्त्व नै वास्तवमा ईश्वरीय तत्त्व हो ।

अतः यहाँ ईश्वरीय सत्तालाई अवर्णित र अक्षरातीत सन्दर्भबाट समेत व्याख्या गरिएको दे खिन्छ । कालचक्रमा त्रसरेणुवत् जीवनावधि प्राणीको एक जीवनकाल हुन सक्छ । त्यसपछिको समय ऊ कहाँ रहन्छ ? उसको अस्तित्व के रहन्छ ? यस्ता जिज्ञासा निबन्धमा व्यक्त भएको छ । अर्को अर्थमा यस्ता प्रश्नले कुनै रहस्यमय शक्तिको खोजी गरेको बुझ्न सकिन्छ, जुन परमाणुलाई संयोजन गराउने निमित्त कारण स्वरूप ईश्वरीय सत्ताका रूपमा मानिसले बुझिआएको छ ।

> (छ) कतिपय आध्यात्मिक सोच हुनेहरू दानपुण्यको सातुसामल च्यापेर दगुरिर हेछन् । परम्परा पुनर्जन्ममा विश्वास राख्नेहरू तीर्थव्रतको मोहमा दौडिरहेछन् । कोही दौडिरहेछन् समृद्धिका निम्ति र कोही दौडी रहेछन् पुनर्जीवनको सुख समृद्धिका निम्ति । (पृ. ४५)

जीवनको सत्य अनन्तताको चक्रमा पिँधिएर टुक्रँदै अनन्त कणमा विलय हुनु हो । ईश्वरको आराधनाका लागि दानपुण्यको भौतिक क्रियामा समेल हुनु र नहुनुले फरक ल्याउँदैन । पुनर्जन्मका लागि तीर्थव्रत गर्नुको पनि तुक छैन । यो संसारको अविरम गतिमा गतिमान हुने र अनन्न कणमा विलुप्त हुनु नै भौतिक प्राप्ति हो भने चेतन तत्त्व ईश्वरीय तत्त्वमा विलय हुनु अन्तिम सत्य हो । पापपुण्यको कुनै अर्थ छैन । संसारका यावत् उपक्रमहरू पूर्वनिर्धारिक र चक्रीय जाँतोमा टुक्रिँदै गतिमान् हुने र तिनै टुक्राहरूको संयोजनबाट जीवको अस्तित्व देखिने गर्छ । यही संयोजककारक ईश्वर हो भन्ने व्यङ्ग्यार्थ यहाँ झल्किएको छ ।

'एकतर्फी यात्राको यात्री म' निबन्धको माथिको अंशले निबन्धकारलाई मूलतः आस्तिकता र नास्तिकताको सन्दर्भमा तटस्थ राखेको छ । यद्यपि निबन्धांशले अप्रत्यक्ष रूपमा आस्तिकतातर्फको झुकाव देखाएको छ । विश्वासकै गोलचक्करमा संसार अडिएको छ । यही विश्वासमा मानिसले आफ्नो यात्रालाई सुदीर्घ ठान्छ भन्ने पदार्थको ज्ञानका सन्दर्भबाट यहाँ ईश्वरचिन्तन अभिव्यक्त भएको बुझ्न सकिन्छ ।

> (ज) यात्राका क्रममा आवश्यक पर्ने अनुभव र अनुभूतिको पुनरास्वादन गर्ने गरी यात्राबाट फर्किन सकिन्न । यो एउटा हानि हो । यात्राका क्रममा रहेका अतृप्तिका क्षणहरूलाई फेरि दोहोऱ्याएर पुनः तृप्तिको तहमा ल्याउन सकिन्न । (पृ. ४४)

भौतिक जीवनयात्रा अनुभव र अनुभूतिहरूको सङ्गालो हो । भोक, प्यास, विषयवासना जस्ता अतृप्तिले यो भरिएको हुन्छ । मानिस भौतिक वस्तुबाट आकर्षित हुन्छ र आफ्नो तृष्णा मेट्ने प्रयास गर्छ । एउटा तृष्णाको परिपूर्ति अनन्त तृष्णाको उद्गम हो । अतृप्तता नै भौतिक जीवनको विशेषता हो । गतिमान् भएकाले जीवनलाई पुनरानुभूति वा प्रत्यावर्तनका सन्दर्भबाट हेर्न पनि सकिन्न । यसको गति कहाँ र कसरी अन्त्य हुन्छ त्यो पनि जान्न सकिन्न । जीवन सीमित समयको सीमित अनुभूतिको सार हो । यो कुन लक्ष्यमा अगाडि बढिरहको छ त्यो पनि दुर्बोध्य नै छ ।

यसरी जीवनको गतिमान् विशेषताले कुनै दुर्बोध्य तत्त्वको अनुसरण गरेको बताउँदै त्यस दुर्बोध्य वस्तुलाई चिन्नुपर्ने सङ्केत निबन्धकारले गरेका छन् । यद्यपि निबन्धांशमा ईश्वरीय सत्ताको प्रत्यक्ष अभिव्यक्ति छैन, तथापि यहाँ जीवनलाई अनपेक्षित घटना शृङ्खलाका रूपमा चिनाई सृष्टि, स्थिति र प्रलयको कारणका रूपमा ईश्वरचिन्तन प्रस्तुत गरेको देखिन्छ ।

## निष्कर्ष

राजेन्द्र सुवादी नेपाली निबन्ध साहित्यमा अग्रपङ्क्तिका प्रतिभा हुन् । यिनका चर्चित निबन्ध सङ्ग्रहमध्ये जीवन-गोप्य सिलबन्दी खाम पनि रहेको छ । यस निबन्ध सङ्ग्रहमा रहेको 'एकतर्फी यात्राको यात्री म' शीर्षकको निबन्धमा ईश्वरचिन्तनलाई महत्त्वपूर्ण स्थान दिइएको देखिन्छ । वैदिक षड्दर्शनको ईश्वरचिन्तन सम्बन्धी मान्यताहरूबाट प्रभावित हुँदै ईश्वरको विशद् व्याख्या निबन्धमा प्रस्तुत गरिएको छ । षड्दर्शनमध्ये कुनै खास दर्शनको प्रभावबाट निबन्धकारले आफूलाई तटस्थ र सन्तुलित राख्न खोजे पनि यस निबन्धमा मूलत :साङ्ख्य, वैशेषिक र न्यायदर्शनको प्रभाव तुलनात्मक रूपमा बढी देखिन्छ । पदार्थको गतिशीलताको वर्णन गर्नु, पुनर्जन्मप्रति अविश्वास देखाउनु, ईश्वरलाई साङ्केतिक रूपबाट मात्र स्वीकार्नु जस्ता विषयसन्दर्भले यहाँ साङ्ख्य र वैशेषिक दर्शन अझै प्रभावकारी रूपले प्रयोग भएको पाइन्छ । शून्यता र परमाणुहरूको गतिशीलतालाई नै ईश्वरीय खेलका रूपमा चिनाउँदै जीवनजगत् तिनै खेलका मूर्त सहभागी रहेको कुरा निबन्धले औँल्याएको पाइन्छ । ईश्वरचिन्तनका सन्दर्भमा निबन्धकारले आफूलाई कुनै एक दार्शनिक मान्यतामा मात्र अडिक नराखी षड्दर्शनका विभिन्न मान्यतालाई यथास्थानमा प्रयोग गर्दै मूलतः साङ्ख्य, वैशेषिक र न्यायदर्शनको घनीभूत प्रयोग गर्नु प्रस्तुत निबन्धको मुख्य प्राप्ति रहेको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

उपाध्याय, गोविन्द शरण (२०६६). *आर्यदर्शन.* विद्यार्थी पुस्तक भण्डार ।

गड्तौला, नारायण (२०७६). 'पूर्वीय दर्शनमा तत्त्वमीमांसा'. प्रज्ञा (अङ्क : २, पूर्णाङ्क ११८, साउन-पुस) पृ.१६८-१७७ ।

गौतम, लक्ष्मणप्रसाद (२०७८). 'वैदिक षड्दर्शनका प्रमुख मान्यता'. नेपाल अध्ययन जर्नल,

(वर्ष : १, अङ्क : १) पृ.७७-११३ ।

गिरी, रामानन्द (२०५५). *जनक दर्शन.* (अनु.रामहरि तिमल्सिना). जनकशिक्षा सामग्री केन्द्र ।

चालिसे, नारायण (२०७५). *कृति विश्लेषणका पौरस्त्य दार्शनिक मानदण्डहरू.* नेपाल प्रज्ञा प्रतिष्ठान ।

______(२०७९). ‘समालोचनामा पौरस्त्य दर्शनका मानदण्ड र नेपालीमा तिनको प्रयोग’ रत्न बृहत् नेपाली समालोचना भाग ३ (सिद्धान्त र सिद्धान्तनिष्ठ प्रायोगिक खण्ड) (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम). रत्न पुस्तक भण्डार ।

ढकाल, माधवप्रसाद र कोइराला, मातृकाप्रसाद (२०६६). *शिक्षाका आधारहरू.* रत्न पुस्तक भण्डार ।

भट्टराई, पद्मप्रसाद (२०७४). *पौरत्य दर्शन एक चिनारी.* विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५८). *स्रष्टा-सृष्टिः द्रष्टा-दृष्टि.* (तेस्रो संस्करण). साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७१). *जीवन-गोप्य सिलबन्दी खाम.* पाठ्यसमग्री प्रकाशन ।

पाण्डे, नरनाथ (२०८०). ‘पूर्वीय दर्शन र यसको सारतत्त्व (चिन्तन-मनन)’ https://echitwanpost.com/209696/2023041909/49/36/

पौडेल, हेमनाथ (२०७८). ‘राजेन्द्र सुवेदी : व्यक्ति एक, व्यक्तित्व अनेक’ https://echitwanpost.com/209696/2023041909/49/36/